## डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय भरतपुर, चितवन ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा (५) को उपदफा (३) बमोजिमको आ.व. २०८१/०८२ (दोश्रो त्रैमास) मा सार्वजनिक गरेको विवरण**

१. **निकायको स्वरूप र प्रकृतिः** कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो ।

२. **निकायको काम, कर्तब्य र अधिकारः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले गर्नुपर्ने काम, कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र विवरणः** यस वित्तीय संस्थामा मिति २०८१ पौष मसान्तमा कार्यरत कर्मचारी संख्या ६९३ (प्रशिक्षार्थी समेत) रहेको छ । वित्तीय संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भईरहेको छ । व्यवस्थापन समुहका सदस्यहरूको नाम वित्तीय संस्थाको वेबसाइट www.deproscbank.com.np मा राखिएको छ ।

४. **निकायबाट प्रदान गरिने सेवाः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सम्पूर्ण सेवाहरू ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण यस वित्तीय संस्थाको वेबसाइट www.deproscbank.com.np अन्तर्गत OUR BRANCHES खण्डमा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** यस वित्तीय संस्थाले प्रदान गर्ने बिभिन्न सेवाको शुल्क तथा अवधि यस वित्तीय संस्थाको वेवसाईटमा www.deproscbank.com.np अन्तर्गत MODEL SERVICES मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारीः** वित्तीय कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरूले विभिन्न प्रकारका निर्णय गर्न सक्ने प्रकृया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा यस वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** समुह सदस्यहरूको गुनासो तथा उजुरी ब्यवस्थापन गर्नका लागि हाल केन्द्रियस्तरमा कार्यक्रम हेर्ने सहायक महाप्रबन्धकलाई गुनासो सुन्ने अधिकारीको रूपमा रहने ब्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

**हरिप्रसाद आचार्य (सहायक महाप्रबन्धक)**

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौ फोनः ०१-५३८८६५०

९. **सम्पादन गरेको कामको विवरणः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले गर्न सक्ने सम्पुर्ण कारोवारहरू सम्पादन भई रहेका छन् ।

१०. **सूचना अधिकारीको नाम र पदः** सदस्यहरूलाई आवश्यक सूचना प्रदान गर्न तपशिल बमोजिमको अधिकारीलाई तोकिएको छ ।

**ज्ञानेन्द्रप्रसाद अर्याल (मुख्य प्रबन्धक)**

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौ फोन : ०१-५३८८६५०

११. **ऐन, नियम तथा विनियमको सूचीः** प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकिङ्ग कार्यका लागि प्रमुख रूपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३,
२. नेपाल राष्ट्र बैंक ऐन,२०५८,
३. कम्पनी ऐन, २०६३,
४. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
५. सम्पत्ति शुद्धीकरण (मनिलाउण्डरिङ्ग) निवारण ऐन, २०६४,
६. धितोपत्र सम्बन्धी ऐन, २०६३,
७. सुरक्षित कारोवार ऐन, २०६३,
८. करार ऐन, २०५६,
९. धितोपत्र नियमावली, २०७३
१०. श्रम ऐन, २०७४,
११. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू,

१२. नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशन तथा निर्देशिकाहरू,

१३. वित्तीय संस्थाले कारोवार सञ्चालनका लागि वनाएको सम्पूर्ण नियम, विनियम, कार्यविधि तथा निर्देशिकाहरू

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः** यस वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुंदै आएको छन् भने वित्तीय संस्थाको वेबसाइट www.deproscbank.com.np मा समेत प्रकाशित गरिएको छ ।

**१३. वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**

शेषरमण आचार्य (प्रमुख कार्यकारी अधिकृत)

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौ ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक नियमले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः** यस वित्तीय संस्थाले लघुवित्त सम्बन्धी कार्यहरूको साथै संस्थागत सामाजिक उत्तरदायित्वको कार्यहरू गर्दै आईरहेको छ ।

**१५. सार्वजनिक निकायको वेबसाइट भए सो को विवरणः** www.deproscbank.com.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** हालसम्म यस वित्तीय संस्थाले कुनै वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग लिएको छैन ।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः** यस वित्तीय संस्थाले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आइरहेको छ भने संस्थाको वेबसाइट www.deproscbank.com.np मा समेत रहेको छ ।

**१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामसारी र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः** सूचना वर्गिकरण गरिएको छैन ।

**१९. सार्वजनिक निकायमा परेका सूचनामा माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः** यस त्रैमासमा कुनै निवेदन प्राप्त भएको छैन ।

**२०. सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः** यस वित्तीय संस्थाको वार्षिक आर्थिक प्रतिवेदनहरू पुस्तकको रूपमा प्रकाशित भई संस्थाको वेवसाइटमा समेत प्रकाशन गरिएको छ । साथै वित्तीय संस्थाको त्रैमासिक वित्तीय विवरण विभिन्न राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेबसाइट www.deproscbank.com.np मा समेत प्रकाशित गरिदै आएको छ ।